महाकुलुङ गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरुमा ल्याब तथा डेन्टल सेवा सचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९

**प्रस्तावाना**

महाकुलुङ गाउँपालिका अन्तर्गतका महाकुलुङ प्राथमिक अस्पतालमा स्थापना भई सञ्चालनमा रहेका ल्याव तथा डेन्टल सेवा सञ्चालनका लागि कर्मचारी परिचालन गर्ने , केमिकल लगायत वित्तिय व्यवस्थापन, उपकरण, औजार, गुणस्तरीय सेवा सहित निरन्तर सेवा प्रवाह प्रदान गर्न वान्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ वमोजिम यो कार्यविधि बनाई जारी गरिएको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१ **संक्षिप्त परिचय र प्रारम्भ**ः १) यस कार्यविधिको नामः "स्वास्थ्य संस्थाहरुको ल्याव तथा डेन्टल सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ।

२ यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिवाट तुरुन्त प्रारम्भ हुनेछ।

२ **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका"** भन्नाले महाकुलुङ गाउँपालिका,बुङ,सोलुखुम्बुलाई सम्झनु पर्दछ।

ख) **"कार्यपालिका"** भन्नाले महाकुलुङ गाउँ कार्यपालिका बुङ सोलुखुम्बुलाई सम्झनु पर्दछ।

ग) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्दछ।

घ) **" स्थानीय तह"** भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

ङ) **"सेवा "** भन्नाले महाकुलुङ प्राथमिक अस्पताल तथा अन्य स्वास्थ्य संस्थावाट ल्याव तथा डेन्टल सम्वन्धि दिईने सेवालाई सम्झनु पर्दछ।

च) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको सरकारी अस्पताल वा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई भन्ने बुझाउदछ।

छ) **"ल्याव "** भन्नाले प्रयोगशाला सेवा प्रदान गरिने ठाँउ सम्झनुपर्दछ।

ज) **"डेन्टल सेवा "** भन्नाले दन्त वा मुख सम्वन्धि उपचार गर्ने ठाँउलाई सम्झनु पर्दछ।

झ) **"सेवाग्राही"** भन्नाले प्रयोगशाला तथा डेन्टल सेवामा विभिन्न सेवा लिन आउँने विरामी तथा लाभग्राहीलाई सम्झनु पर्दछ।

ञ) **"केमिकल तथा औजार उपकरण"** भन्नाले प्रयोगशाला तथा डेन्टल सेवामा प्रयोग हुने केमिकल औजार उपकरणलाई सम्झनु पर्दछ।

ट) **जनशक्ति तथा कर्मचारी परिचालन भन्नाले प्रयोगशाला तथा डेन्टल सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ।**

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

३) कार्यक्रमको उदेश्य :- १) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा हाल सञ्चालनमा रहेका ल्याव तथा डेन्टल सेवाहरुलाई स्रोत साधन सम्पन्न गराई निरन्तर गुणस्तरीय सेवा प्रदान गर्ने र ल्याव सेवालाई गाउँपालिका भरी विस्तारित कार्यक्रमको रुपमा अगाडी बढाउने।

२) ल्याव तथा डेन्टल सेवाको पहुँच विस्तार तथा सर्वसुलभ वनाउने।

३) ल्याव तथा डेन्टल सेवा मार्फत आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउन तथ्यमुखी आवश्यक उपचार सेवा प्रदान गर्ने।

४) विभिन्न सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचान/ निदान गरि उपचारको दायरामा ल्याउने।

५) मुख तथा मुखसंग सम्वन्धित रोगहरुको समयमा नै पहिचान तथा निदान गरि उपचार गर्ने र उपचार सम्भव नहुने भएमा यथासक्य चाडो प्रेषण गर्ने।

४) वित्तिय स्रोत :- १) यस गाउँपालिकामा सङ्कलन हुने आन्तरिक राजश्व आम्दानी वा समानिकरण अनुदान वा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट गाउँसभा/ कार्यपालिकाको निर्णय अनुसार ल्याव तथा डेन्टल सेवा सञ्चालनको लागि आवश्यक पर्ने बजेट/ वित्तिय व्यवस्थापन गरि सेवा सञ्चालन गरिनेछ।

५) **सञ्चालन तथा व्यवस्थापन सम्वन्धि खर्चः**- १) यस गाउँपालिका भित्र हाल सञ्चालित ल्याव तथा डेन्टल सेवामा कार्यरत कर्मचारीहरुको तलव भत्ता वापतको रकम निज कर्मचारीसँग सेवा करार सम्झौता गरी ल्याव तथा डेन्टल सेवाका कर्मचारीहरुको पारिश्रमिक शिर्षकमा विनियोजन रकमवाट कार्यालयले मासिक रुपमा भुक्तानी गरिनेछ । ६ महिना भन्दा वढि सेवा करारमा रही काम गर्ने ल्याव तथा डेन्टलका कर्मचारीहरुको हकमा १ महिना तलव वरावरको चाडपर्व खर्च उपलब्ध गराईने छ ।

२) ल्याव तथा डेन्टलमा काम गर्ने कर्मचारीको तलव स्वास्थ्य सेवा समुह सहायक पाचौ तहले पाउने न्यूनतम स्केल बरावरको हुनेछ ।

३) ल्याव तथा डेन्टल सेवा प्रदान गरे वापत स्वास्थ्य संस्थाले अनुसुची १ बमोजिम उल्लेखित दरमा शुल्क आन्तरिक आम्दानीको रुपमा उठाउनु पर्नेछ र सोको रकम मासिक रुपमा गाउँपालिकाको सञ्चित खातामा दाखिला गर्नु पर्नेछ । निर्धारण गरिएको सेवाको किसिम र रकम गाउँपालिकाले जारी गरेको आम्दानी रसिद प्रयोग गरि ल्याव तथा डेन्टल सेवा शुल्क उडाउनु पर्नेछ । शुल्क निर्धारण समिति छुट्टै वनाईनेछ तपसिल अनुसारको शुल्क निर्धारण समिति वनाईनेछ ।

**४) शुल्क निर्धारण समिति देहाय अनुसार हुनेछ ।**

संयोजक - महाकुलुङ गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत १

सदस्य - सम्वन्धित विभागको ईन्चार्ज १

सदस्य -आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि १

सदस्य -निर्वाचित जनप्रतिनिधि मध्ये अध्यक्षले तोकेको कार्यपालिका सदस्य मध्येवाट (महिला) २ जना

सदस्य सचिव - स्वास्थ्य शाखा प्रमुख १

शुल्क निर्धारण समितिको काम देहाय बमोजिम हुनेछ ।

१) आम नागरिकहरुलाई मर्का नपर्ने गरि शुल्क निर्धारण गर्नु पर्नेछ ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालय

२) शुल्क निर्धारण गर्दा १ पटक निर्धारण भएको शुल्क कम्तिमा २ वर्षका लागि मान्य हुनेछ भने शुल्क पुनरालोकन गर्नु पर्नु भएमा समिति समक्ष कारण पेश गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले निर्णय गरी समिति समक्ष निवेदन आएमा पुनरालोकन हुनेछ ।

३) यस समितिले अस्पताल वा स्वास्थ्य संस्थाहरुको सबै शुल्कहरु हेरफेर र परिमार्जन गर्न सक्नेछ । तर छुट दिनका लागि भने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले नै गर्न सक्नेछ ।

४) १ पटक शुल्क निर्धारण गरि सकेको शुल्कमा कसैले आफु खुसी शुल्क निर्धारण गरेमा र कसैले उजुर पालिका वा कानून समक्ष निबेदन दिएमा संस्था वा व्यक्ति आफै जिम्मेवार हुनेछ ।

५) समितिको बैठक आवश्यकता अनुसार बस्नु पर्नेछ ।

६) समितिले शुल्क निर्धारण गर्दा कानूनी रुपमा वाधा नपुग्ने गरि गर्नु पर्नेछ ।

६) सेवा छुट तथा प्राथमिकता सम्वन्धि व्यवस्थाः- १) अपाङगता भएका व्यत्ति ६० बर्ष माथिका जेष्ठ नागरिकलाई अनुसुची १ मा तोकीएको दरमा ७० प्रतिशत छुट ५ बर्ष मुनिका वालवालिकाहरुलाई र गर्भवती महिलाहरुलाई तोकिएको ANC प्याकेजमा १०० प्रतिशत छुट दिईनेछ ।

२) महाकुलुङ गाउँपालिका भित्रका स्थायी वासिन्दाको हकमा छुट पाउँनका लागि नागरिकता फोटोकपी ५ बर्ष मुनिका वालवालिकाहरुको हकमा जन्मदर्ताको फोटोकपी अपाङगताको हकमा अपाङगता परिचय पत्रको फोटोकपी र गर्भवती महिलाको हकमा पुर्वप्रसुती जाँच गरेको कार्ड र ओपिडी टिकटको फोटोकपी अनिवार्य पेश गर्नु पर्ने छ ।

७) कर्मचारी सम्वन्धि व्यवस्थाः- १) ल्याव तथा डेन्टल सेवामा काम गर्ने कर्मचारी नियूक्तिका लागि महाकुलुङ गाउँपालिकाले गाउँपालिकाको प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पुरा गरी सेवा करारमा कर्मचारी नियूक्ति गरिनेछ । यसरी प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने कार्यविधि २०७५ एक पटक नियूक्ति भई सकेका कर्मचारीहरुलाई कार्य सम्पादन मुल्याङकनका आधारमा म्याद थप गर्न सकिनेछ ।

८) औजार, उपकरण र केमिकल सम्वन्धि व्यवस्थाः- १) ल्याव तथा डेन्टलमा आवश्यक पर्ने औजार उपकरण केमिकल लगायतका सामाग्रीहरुको व्यवस्थापन कार्यपालिका कार्यालय स्वास्थ्य शाखाले स्वीकृत कार्यक्रममा विनियोजित रकम मध्येवाट गर्नु पर्नेछ ।

९) सेवा उपलब्ध गराउनु पर्ने लाभग्राहीहरुः-१) महाकुलुङ गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सेवा लिन आएका मध्ये स्वास्थ्यकर्मीले आवश्यक जाँचका लागि सिफारिस गरेका सम्पुर्ण सेवाग्रहीहरु ।

२) यो कार्यविधि पारित भए पश्चात मात्र कार्यविधि वमोजिम सेवा प्रवाहका लागि सम्वन्धित कार्यालयहरुलाई कार्यान्वयनका लागि निर्देशन प्रदान गरिनेछ ।

३) गाउँपालिका भित्रका अन्य निजि तथा संस्थागत स्वास्थ्य संस्थाबाट ल्याव तथा डेन्टल जाँचका लागि सिफारिस भई आएमा समेत सेवा प्रदान गर्नु पर्ने छ ।

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१०) समन्वय कार्य गर्नु पर्नेः- ल्याव तथा डेन्टल सेवा सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय सरोकारवाला गाउँपालिका भित्रका सरकारी तथा गैरसरकारी संघ संस्थाहरु तथा सामुदायिक संघ संस्थाहरुसँग समन्वय गरी तथा व्यवस्थापनको व्यवस्था मिलाउनु पर्नेछ ।

११) अन्य व्यवस्थाः- १) १ र २ अनुसुचीमा उल्लेख गरिएको भन्दा वढी ल्याव तथा डेन्टल सेवा उपलब्ध गराउन बाध्य हुनेछैन ।

२) यस कार्यविधि बमोजिम लिनु पर्ने शुल्क नलिई ल्याव तथा डेन्टल सेवा उपलब्ध गराएको पाइएमा सम्वन्धित ल्याव तथा डेन्टल सेवा प्रदान गर्ने कर्मचारीको तलव भत्तावाट सो बराबरको रकम असुल उपर गरी प्रचलित कानून् बमोजिम कारवाही गरिनेछ ।

३) ल्याव तथा डेन्टल सेवा सम्बन्धित स्वास्थ्य संस्था अन्तर्गत रहेको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति मार्फत सञ्चालन गर्नु पर्नेछ ।स्वास्थ्य संस्थाको सञ्चालनमा रहेको ल्याव तथा डेन्टलको सम्पुर्ण व्यवस्थापन गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखले गर्नु पर्नेछ । ल्याव तथा डेन्टल सेवाको गुणस्तरियता र प्रभावकारीता कायम गर्न स्वास्थ्य संस्थामा कार्यरत प्रमुख र अन्य कर्मचारीहरु समेतको जिम्मेवारी तथा कर्तब्य हुनेछ ।

१२) प्रोत्साहन सम्बन्धि व्यवस्थाः- ल्याव सेवा प्रदान गरेवापत कार्यालयले हजाड भत्ता वापत १० प्रतिशत खुद संकलन गरेकी रकमको सेवा प्रदायक कर्मचारीलाई चौमासिक तथा वार्षिकरुपमा गाउँपालिकाको चालु तर्फका उपयूक्त वजेट शीर्षकवाट प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ ।

१३)प्रभाव अध्यानः- गाउँपालिका भित्र सञ्चालन हुने ल्याव तथा डेन्टलहरुको प्रत्येक वर्ष अनिवार्य रुपमा प्रभाव मुल्याङकन गराँउनु पर्ने छ । यसरी गरिएको मुल्याङकनबाट प्राप्त सिकाईहरुलाई आगामी वर्षमा पृष्ठपोषणका रुपमा लिने पद्दतिको विकास गर्नु पर्नेछ ।

१४) पारदर्शिता सम्वन्धि व्यवस्थाः- १) ल्याव तथा डेन्टल सेवा मार्फत प्रदान गरिने सेवाको विवरण र सो वापतको शुल्क सहितको सुचना खुल्ने गरि नागरिक वडापत्र राख्नु पर्नेछ ।

१५) अनुगमन, मुल्याङकनः- १) गाउँ कार्यपालिकाको कार्यालयका कार्यालय प्रमुख, स्वास्थ्य शाखा प्रमुख र कार्यालयको निर्देशित संयन्त्रले जुन सुकै बेला ल्याव तथा डेन्टल सेवाको अनुगमन गर्न सक्नेछ ।

१६) अनुगमन कार्यमा अवलम्वन गर्नु पर्नेः- १) कुनै अनियमितता देखिएमा सुधार गर्न सकिने भएमा तत्काल सुधार गर्न लगाउने,

२) कुनै अनियमितता देखिई सुधार गर्न नसकिने देखिएमा के कति रकमको अनियमितता भएको हो सो रकम बराबर असूल उपर गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने ।

३) अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित प्रतिवेदन पेश गर्ने ।

महाकुलङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१७) अभिलेख तथा प्रतिबेदनः- १) यस कार्यक्रमले निर्धारित गरिएका सम्पुर्ण प्रमाणहरुको सम्बन्धित स्वास्थ्य संस्थामा एक प्रतिलिपी सुरक्षित साथ राख्नु पर्नेछ ।

२) मासिक चौमासिक र वार्षिक रुपमा सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकामा सोको प्रगती प्रतिवेदन दिनु पर्नेछ ।

१९) बाधा अड्काउ फुकाउनेः- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यापालिकाले निर्णय गरि फुकाउनेछ ।

१९) परिमार्जन तथा संशोधनः- यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश नेपाल

आज्ञाले
पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १

| क्रस | उपलब्ध सेवाको विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | CBC | | |
| २ | WBC Count | | |
| ३ | RBC Count | | |
| ४ | Hemoglobin | | |
| ५ | ESR | | |
| ६ | Blood Grouping | | |
| ७ | RA Factor | | |
| ८ | VDRL | | |
| ९ | Semen Analysis | | |
| १० | Blood sugar F/PP/R | | |
| ११ | Blood Urea | | |
| १२ | Uric Acid | | |
| १३ | Creatinine | | |
| १४ | Bilirubin | | |
| १५ | Widal Test | | |
| १६ | Stool R/E | | |
| १७ | Urine R/E | | |
| १८ | Occult Blood Test | | |
| १९ | B.T. | | |
| २० | C.T. | | |
| २१ | Malaria | | |

| | | | |
|---|---|---|---|
| २२ | Sputum for AFB | | |
| २३ | ANC Package | | |
| २४ | CRP | | |
| २५ | Total Cholesterol | | |
| २६ | TG | | |
| २७ | HDL cholesterol | | |
| २८ | LDL cholesterol | | |
| २९ | Pregnancy Test (HCG) | | |
| ३० | HIV Test | | |
| ३१ | Sodium /Potassium | | |
| ३२ | PCV | | |
| ३३ | AEC | | |
| ३४ | Urine Bile Pig | | |
| ३५ | Urobilinogen | | |
| ३६ | Acetone | | |
| ३७ | Urine Sugar | | |
| ३८ | Calcium | | |
| ३९ | SGOT | | |
| ४० | SGPT | | |
| ४१ | ALK | | |
| ४२ | Total Protein | | |
| ४३ | Albumin | | |
| ४४ | LFT | | |
| ४५ | Lipid | | |
| ४६ | Triglyceride | | |
| ४७ | VLDL | | |
| ४८ | ASO Titre | | |
| ४९ | HBsAg | | |
| ५० | HCV | | |
| ५१ | RPR | | |
| ५२ | K39 | | |
| ५३ | MP RDT | | |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल